# आर्थिक वर्ष ०७९/८० को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
## २०७९।०८।२५ गते

## १. पृष्ठभूमि

"आन्तरिक सुशासन प्रवर्धनको लागि सार्वजनिक सुनुवाई"

सार्वजनिक पद र अधिकार धारण गरेका कर्तव्यपालकर सेवाग्राही बीच सार्वजनिक रुपमा हुने प्रत्यक्ष अन्तर्क्रिया सार्वजनिक सुनुवाई हो । सार्वजनिक सुनुवाई जनताको अदालत हो जसले सुशासनको मान्यतालाई अंगिकार गरेको हुन्छ । यसमा प्रश्नोत्तर विधिबाट अधिकारवाला र सेवाग्राही बीच सेवा प्रवाहका समस्या तथा जनसन्तुष्टिको स्थितिबारे समिक्षा गरि मुल्याङ्कन, सुझाव र पृष्ठपोषण प्रदान गरिन्छ । नियमित र खुल्ला अन्तर्क्रियाको माध्यमबाट सेवाग्राहीलाई सन्तुष्टि प्रदान गरि विश्वासको वातावरण कायम गर्नु यसको उद्देश्य हो । सार्वजनिकनिकायलेनिश्चितसमयमासम्पादनगरेकाकामकारवाहीहरुकोसम्बन्धमा जानकारी गराउनुको साथै सार्वजनिक निकाय प्रति जनतामा रहेको गुनासो वा अपेक्षाहरुलाई सार्वजनिक सुनुवाईको मार्फत सम्वोधन वा सार्वजनिक प्रतिवद्धता गराई जिम्मेवार पदाधिकारी वा निकायहरुलाई जनता प्रति उत्तरदायी र जवाफदेही बनाउन आयोजना गरिने अस्त्र सार्वजनिक सुनुवाई हो ।

यसरी नै ताराखोला गाउँपालिकाले आफुले गरेका गतिविधिहरु विभिन्न माध्यमबाट जनता समक्ष पुर्याउदै आएको छ । विगतका वर्षहरुमा पनि सार्वजनिक सुनुवाईको माध्यमबाट गाउँपालिकाको गतिविधिहरु र जनताबाट प्राप्त हुने गुनासाहरु सम्वोधन र प्रतिवद्धता व्यक्त गर्दै आएको थियो । गाउँपालिकाको वास्तविक कार्यसम्पादन र सेवा प्रवाहको बारेमा सत्य, तथ्य प्रमाणको आधारमा मुल्याङ्कन गरि नागरिकहरुले सभ्य तरिकाले नियममा रहेर सुझाव तथा कमिकमजोरीहरुको बारेमा छलफल गरि सहयोग गरेको खण्डमा मात्र समग्र गाउँपालिकाको समृद्धि र आर्थिक विकासको लागि टेवा पुग्ने गाउँपालिकाको अपेक्षा रहेको छ ।

**सेवा प्रभावकारीतामा सार्वजनिक सुनुवाईको महत्त्वः-**

क) सार्वजनिक प्रशासनमा जवाफदेहिता र पारदर्शिता प्रवर्धन गर्न,

ख) सार्वजनिक पदाधिकारिको स्वच्छाचारीता नियन्त्रण गर्न,

ग) सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राख्न,

घ) सेवा प्रदायकबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गर्न,

ङ) शासन प्रक्रियामा सहभागिता अभिवृद्धि गर्न,

च) विगतका गल्ति कमजोरिहरुको समिक्षा गरि पुन दोहोरिन नदिन,

छ) सेवाग्राही र सेवाप्रदायक बीच विश्वासको वातावरण सिर्जना गर्न,

ज) सेवा प्रवाहमा जनसहभागिता र नागरिक चासो बढाउन,

झ) सेवा प्रदायक निकायलाई आफ्नो कामकारबाहि बारे सचेत र जवाफदेहि बनाउन,

ञ) सचेत सेवाग्राही र कर्तव्यनिष्ठ सेवा प्रदायकको विकास गर्न,

ट) आर्थिक सामाजिक विकासलाई गतिशिल बनाउदै समृद्ध पालिका निर्माण गर्न,

ठ) नियमित र खुल्ला अन्तर्क्रियाबाट नागरिकको सूचनाको हकको प्रवर्धन गर्न, आदि ।

## २. स्थानीय सरकार विकासका प्रयासहरु

२०७३ मा स्थानीय तहको निर्वाचन भए पछि संविधानले प्रदत्त गरेका स्थानीय तहका अधिकारहरु कार्यन्वयनमा जान थालेको हो । स्थानीय तहमा जनप्रतिनिधिको संलग्नतामा ५ वटा बजेट कार्यन्वयनमा आइसकेका छन्, पहिलो वर्ष संस्थागत क्षमता पहिचान र नितिगत अन्यौलताको कारण पूर्ण क्षमतामा अपेक्षित रुपमा काम हुन सकेको थिएन । त्यसपछिका वर्षहरुमा आर्थिक, सामाजिक, पूर्वाधार, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, सुशासन र वातावरण संरक्षण- विपद् व्यवस्थापनका क्षेत्रहरुमा अलग अलग वजेट विनियोजन गरी कार्यन्वयनमा ल्याइएकोछ । गाउँपालिका निर्माणको सुरुवाती चरणमा प्रयाप्त कर्मचारी तथा दक्ष जनशक्तिको अभाव, भौगोलिक विकटताको कारण वर्षात याममा जाने बाढी पहिरोले गर्दा भौतिक पूर्वाधारमा हुने क्षति, छरिएको वस्ती, संघीय तथा प्रदेश स्तरबाट स्थानीय तहको लागि आवश्यक पर्ने प्रयाप्त कानूनहरुको निर्माण नहुनु आदि चुनौतीहरुको बावजुत ताराखोला गाउँपालिकाले पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास र सुशासनलाई प्राथमिकताको साथ योजना छनौट गरी कार्यन्वयनमा ल्याएको छ, भने स्थानीय तह सदस्य निर्वाचन, २०७९ पछि स्थानीय सरकारमा दोस्रो पटक निर्वाचित जनप्रतिनिधिले नयाँ नीति, योजना तथा कार्यक्रमहरु अगाडि बढाईएको छ ।

आर्थिक वर्ष ०७८/७९ मा कुल रु. ३५ करोड ३० लाख ६४ हजार आम्दानी हुने अनुमान गरी बजेट तर्जुमा गरिएकोमा आ.व को अन्त्यसम्म अन्तरसरकारी अख्तियारीबाट प्राप्त हुने राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ७ वटा विद्यालयका भवन निर्माण, संग्रहालय भवन, प्रशासकीय भवन तथा अन्य पूँजीगत अनुदान गरि जम्मा रु. ४० करोड २९ लाख ९३ हजारको संशोधित आय अनुमान रहेकोमा रु ३४ करोड २१ लाख ७४ हजार १३३ रुपैया ९३ पैसा वास्तविक आम्दानी भई कुल रु ३२ करोड ३४ लाख ९६ हजार ३ सय ३९ खर्च भई ८०.२७% वित्तीय प्रगति भएको थियो ।

## ३. चालु आर्थिक वर्षको आम्दानी र खर्च

चालुआर्थिकवर्षमागाउँपालिकाको कुल आय रू ३६ करोड ६६ लाख ९२ हजार हुने अनुमान गरेको छ।

गाउँपालिकाको तपशिल वमोजिमका शिर्षकहरुमा आम्दानी भएको छ ।

| सि.नं. | आम्दानी | | खर्च | | कैफियत |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | शीर्षक | रकम | |
| १. | संघको वित्तीय समानीकरण अनुदान | ७९९००००० | | | |
| २. | संघीय सशर्त अनुदान | १६५४००००० | | | |
| ३. | संघीय राजश्व बाडँफाड | ६७३२६००० | | | |
| ४. | संघीय विषेश अनुदान | १२०००००० | | | |
| ५. | संघीय समपुरक अनुदान | ७०००००० | | | |
| ४. | प्रदेश राजश्व | ३८०९००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बाँडफाड | | | | |
| ५. | प्रदेश वित्तीय समानीकरण अनुदान | ७९६४००० | | | |
| ६ | प्रदेश सशर्त अनुदान | ६०००००० | | | |
| ७ | प्रदेश समपुरक अनुदान | ४०००००० | | | |
| ८ | गत बर्षको मौज्दात | ८२९३००० | | | |
| ९ | हाल सम्म आन्तरिक आम्दानी | ८९०३५४।– | अनुमान ६०००००० | | |
| **जम्मा** | | ३६६६९२००० | **जम्मा** | | |
| **खर्च प्रतिशत** | | **आम्दानीको आधारमा** | | ६६.०७% | |
| | | **कुल बजेट अनुमानको आधारमा** | | २०.२% | |

कुल आम्दानी- रू.११,२१,२२,७५८।–

कुल बजेटको आम्दानी-३०.५७ %

कुल खर्च- रू. ७,४०,८०,४४३।–

कुल बजेटको २०.२०%

<u>प्रथम चौमासिक राजश्व</u>

१. अन्य कार्यालयलाई सिफारीस – रू ५००।–

२. सँस्था दर्ता तथा नविकरण – रू ९५००।–

३. व्यवसाय दर्ता तथा नविकरण – रू ११२५०।–

४. कागजात प्रमाणित दस्तुर – रू १७५००।–

५. ढुङ्गा प्रशोधन उद्योगको प्रशोदन शुल्क – रू ३००००।–

६. बोलपत्र विक्रि शुल्क – रू ४०००।–

७. निवेदन दस्तुर – रू २९६००।–

जम्मा – रू १०२३५०।–

वडा कार्यालयको जम्मा आम्दानी – रू ७८८००४।–

गाउँपालिको जम्मा आय – रू ८९०३५४।–

<u>लेखापरिक्षण तथा वेरुजुको अवस्थाः-आ.व. २०७८/७९ को प्रारम्भीक लेखापरिक्षण प्रतिवेदन अनुसारः-</u>

क) प्रारम्भिक बेरुजुः- रु.५४,४४,९०२.९६।–

ख) पेश्की बेरुजुः- रु. ३५,५०,०००।–

ग) असुल उपर गर्नुपर्ने बेरुजुः-१३,३३,२०४.९६।–

घ) नियमित गर्नुपर्नेः-५,६१,६९८।–

शाखागत कार्यप्रगतिः-

## ताराखोला गाउँपालिका कृषि विकास शाखाको प्रगति विवरण

१. आ.व. २०७९/०८० मा संचालन हुने तपसिल बमोजिमका स्वीकृत वार्षिक कृषि विकास कार्यक्रमहरु संचालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना प्रकाशन, प्रस्ताव संकलन, फिल्ड भेरिफिकेशन तथा अनुदानग्राही छनौट कार्य सम्पन्न भएको छ ।

क) प्लाष्टिक टनेल वितरण (घर किसानको प्लाष्टिक पालिकाको)

ख) मिनिटेलर वितरण (५०% अनुदान)

ग) थ्रेसर मेसिन वितरण (५०% अनुदान)

घ) स्प्रे ट्याङ्की वितरण (५०% अनुदान)

ङ) विउँ उत्पादन, नर्सरी निर्माण तथा विरुवा उत्पादन (५०% अनुदान)

च) फलफुल दशक विरुवा रोपण कार्यक्रम संचालनको लागि फलफुल विरुवा माग सम्बन्धी प्रस्ताव पेश गर्ने सूचना प्रकाशन गरी प्रस्ताव संकलन कार्य गरिएको छ ।

२. ताराखोला जैविक कृषि बगैचामा खेति गररएको मकै, सिमि, भागो भित्र्याउने कार्य सम्पन्न भएको छ

३. कृषक समूह गठन, परिचालन, दर्ता तथा नियमित बैठक संचालन र कृषि प्राविधिकबाट प्राविधिक सेवा प्रवाह भईरहेको छ ।

४. आलु वालीको साना व्यवसायीक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरताको लागि कार्यक्रम संचालन भइरहेको छ ।

## ताराखोला गाउँपालिका पशु विकास शाखाको प्रगति विवरण

| क.सं. | घटना दर्ता विवरण | दर्ता संख्या |
|---|---|---|

१. आ.व. २०७९/०८० मा संचालन हुने तपसिल बमोजिमका स्वीकृत वार्षिक पशु विकास कार्यक्रमहरु संचालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना प्रकाशन, प्रस्ताव संकलन कार्य सम्पन्न भएको छ ।

क. बाख्राको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम

ख. मासु पसल सुधार कार्यक्रम

२. ५ वटै वडामा पशु प्राविधिकको व्यवस्था गरिएको छ ।

३. ५ वटै वडामा डिस्पेनसरी सहित  पशुपन्छी औषधी उपचार तथा घरदैलो सेवा सुरुवात भएको छ ।

पंञ्जिकरण शाखाः-

**सामाजिक सुरक्षा भत्ता २०७९/८०प्रथम त्रैमासीक**

| क सं | वर्ग | जम्मा संख्या | वितरण गरिएको रकम |
|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक ६८ माथि | १०६२ | ११४२३४६० |
| २ | विधवा | १९८ | १५८००४० |
| ४ | अपाङ्गता | ६९ | ५२७४७८ |
| ६ | दलित बालबालिका | १६९ | २५७५५७ |
| जम्मा | | १४९८ | १,३७,८८,५३५ |

**व्याक्तिगत घटना दर्ताको पहिलो त्रैमासिक प्रतिवेदन( २०७९/०४/०१ देखि २०७९/०८/३०)सम्म**

| | | |
|---|---|---|
| १ | जम्म | १५५ |
| २ | मृत्यु | ३५ |
| ३ | विवाह | ५९ |
| ४ | बसाईसराई | २१ |
| ५ | सम्बन्ध विच्छेद | १ |

| | | |
|---|---|---|
| ामाजिक ुरक्षा | -सामाजिक सुरक्षा परिचयपत्र नविरकण सम्बन्धी निवेदन सबै वडा कार्यालायमा पठाईएको<br>-वडागत रुपमा निवेदन संकलन गरी सा.सु परिचयपत्र नविकरण गरिएको<br>-प्रणालीमा प्रविष्ट गरिएका पुराना लाभग्राहीहरुको विवरण अपुरो र फरक विवरण भएकाहरुको छानविन गरी नविकरणमा प्राप्त कागजातको आधारमा विवरण सच्याउने,फोटो स्क्यान गरी अपलोड गर्ने कार्य भएको छ।<br>-विवरण जाँच, छानविन गरी मुत्यु भएको,दोहोरो नाम भएको र बसाईसराईको कारणले भत्ता नपाउने लाभग्राहीहरुको लगत कट्टा गरिएको छ। | -नविरकण भएको संख्या-१३८२<br>-६८ वर्ष पुरा भएको दर्ता संख्या -११६<br>-वितरण गरेको संख्या-१४९८<br>-४ र ५ वडा लाभग्राही संख्या-७०<br>-लगत कट्टा संख्या-१५ |

स्वास्थ्य शाखाः-

| कार्यक्रमको नाम | लक्ष्य | प्रगति | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| खोप | 75 | 44 | 59 | |
| भिटामिन ए खाने ६-११ महिनाको बालबालिका | 88 | 80 | 91 | |
| भिटामिन ए खाने ६-११ महिनाको बालबालिका | 809 | 623 | 77 | |

| | | | | |
|---|---|---|---|---|
| जुकाको औषधी खाने ६-११ महिनाको बालबालिका | 809 | 623 | 77 | |
| बृद्धि अनुगमन | ८८ | ६४ | 73 | |
| मध्यम कुपोषण भएका | 64 | 2 | 3 | |
| गर्भवती जाँच सेवा २० वर्ष माथि का | 80 | ३६ | 45 | ५ जना २० वर्ष मुनिका |
| प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच गर्ने | ३६ | १६ | 44 | |
| क्षयरोग कार्यक्रम | 15 | १ | 7 | |
| खकार जाँच | | ६ | | |
| ५३६१जनाको स्वास्थ्य जाँज गर्दा पाइएका १० प्रमुख रोगहरु | | | | |
| रुघाखोकी | १ | ९४२ | | |
| टाउको दुख्ने | २ | ३९५ | | |
| रुघा खोकी | ३ | ३०२ | | |
| चोटपटक | ४ | २८१ | | |
| ग्यास्ट्रिक | ५ | २५८ | | |
| ज्वरो | ६ | २५६ | | |
| घाँटीदुख्ने | ७ | २०६ | | |
| ढाडर शरिर दुख्ने | ८ | २०२ | | |
| छालाको रोग | ९ | ३७० | | |
| आँखाको रोग | १० | १४१ | | |

<u>स्वास्थ्य शाखा मार्फत गरिएका अन्य कार्यहरु</u>

1. सामुदायमा आधारित बृहत स्वास्थ्य परियोजना (CCBHP) , नेपाल रेडक्रस सोसाइटीको सहयोगमा वडा ३ र ४ मा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन (HFMOC) को २ दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न ।
2. स्वास्थ्य सेवालाई डिजिटलाईजा गर्नको लागि विद्युतिय स्वास्थ्य सुचना प्रणाली EHIRRS जडान गरी यसै आर्थिक वर्ष देखि सञ्चालन गरिएको।
3. सोलार पावर कम्पनी र गाउँपालिकाको लागत सहभागितामा अमरभूमि सामुदायिक स्वास्थ्य इकाइमा ७.२ किलोवाटको सोलार ब्याकअप जडान,
4. डेङ्गु नियन्त्रणको लागि पालिका भरी लामखुट्टे नियन्त्रण को लागि खोज र नष्ट गर अभियान सञ्चालन,

5. नेपाल नेत्र ज्योति संघ तथा आँखा अस्पताल बागलुङको सहयोगमा आँखा स्क्रिनिङ तथा १२ जनाको मोतियाबिन्दु रोगको निःशुल्क शल्यक्रिया सम्पन्न,
6. ग्रामिण स्वास्थ्य सुधार परियोजना (RHIP) फेयरमेड तथा भि.वाई.सी.को सहयोगमा अर्गल स्वास्थ्य चौकीको व्यवस्थापन तथा सञ्चालन समिति (HFMOC) ३ दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न।
7. भुस्कात र साँघुबोटमा भवन तथा बर्थिङ सेन्टरको भवन निर्माण सम्पन्न भई सञ्चालन हुने अवस्थामा रहेको,
8. अमरभूमि स्वास्थ्य चौकीको प्लम्बिङ मर्मत सम्पन्न,
9. अमरभूमि स्वास्थ्य चौकी र ताराखोला स्वास्थ्य चौकीमा प्रसुति प्रतिक्षा गृह निर्माण सम्मपन्न,
10. सामुदायमा आधारित बृहत स्वास्थ्य परियोजना (CCBHP) , नेपाल रेडक्रस सोसाइटीको सहयोगमा वडा २ मा अवस्थित अर्गल स्वास्थय चौकीमा विद्युतिय ब्याक अप जडान,

शिक्षा शाखा

१. कक्षा १ र २ को स्थानीय पाठ्यपुस्तक कक्षामा लागु भएको ।
२. कक्षा ३ को स्थानीय पाठ्यपुस्तक लेखन कार्य भईरहेको ।
३. वडा युवा क्लव गठन तथा नमुना युवा संसद अभ्यास कार्यक्रम संचालन भएको ।
४. सेनिटरी प्याड खरिद गरी विद्यालयमा वितरण गरिएको ।

न्यायिक कार्यसम्पादनः-

१. उजुरी संख्याः- २
२. मिलापत्रः- १
३. जिल्ला अदालनमा सिफारिसः-१
४. ऐन तथा कार्यविधि निर्माणः- ५ वटा
५. गाउँपालिकामा इजलास कक्ष निर्माण गरिएको ।

प्रधानमन्त्री रोजगार कार्यक्रमः-

१. कार्यसम्पन्न भएका योजनाः- ४ वटा
२. संचालनमा रहेकाः-९ वटा
३. सूचिकृत बेरोजगार संख्याः-७७० जना (महिला-२२६ पुरुष-५४४जना)

पूर्वाधार विकास तर्फः-

| क.स. | आयोजनाको नाम | लागत अनुमान | सम्झौता मिति र रकम | सम्झौता भएको निर्माण व्यवसायी |
|---|---|---|---|---|
| १ | Construction of school Building | 76,93,203.47 | ०७९-०२/०७/ ।४४.७६८९४४५- | घुम्टे कन्स्ट्रक्सन |
| २ | Construction of Ghusmeli-Bhatkhane Danda road | 72,63,851.44 | ०७९-२१/७/ ।२४.७१२७८८२- | जेसिजिपिके जेभि/ |
| ३ | Construction of Bhatkhane Danda-Majhkharka Road | 1,51,56,807.32 | ०७९/८/०८ ९९।८८.८८२,६७,- | एटलान्टिक कन्स्ट्रक्सन प्रारसुवा .लि. |
| ४ | Delivery and Supply of Medicine and Medical Equipment | 13,07,172.14 | ९४९०६१।५७.- | हेल्पिङ्ग मल्टिप्रपोज |
| ५ | Improvement of Sandi hilagaun padherakhola ranaram road | 82,57,031.12 | ०७९८//०८ ६३९६.१०८,५६,।- | एटलान्टिक कन्स्ट्रक्सन प्रारसुवा .लि. |

**हाल सम्म भएका सुधारहरू**

- आन्तरिक राजश्वको तथ्याङ्कलाई व्यवस्थित गरिएको ।
- करका दाएराहरू बढाउदै लगिएको ।
- लेखापरिक्षण सहजीकरण समिति गठन गरिएको ।
- राजश्व व्यवस्थापन सूचना प्रणाली मार्फत राजश्व संकलन पारदर्शि बनाइएको ।
- लेखापरीक्षणलाई चौमासिक गर्दै व्यवस्थित गरिएको ।
- बेरूजु फछ्र्यौटलाई प्राथमिकतामा राखि काम गरिएको ।
- जेसि अडिटको कार्य गरिएको ।
- गाउँपालिकाको आर्थिक सर्वेक्षणको कार्य अगाडि बढाईएको ।

## योजना, प्रशासन शाखा

***योजना कार्यान्वयनमा भएका नयाँ अभ्यास***

- योजना व्यवस्थापन सूचना प्रणाली मार्फत वडा तहमा नै योजना संझौताको कार्य गरिएको,
- ठेक्का व्यवस्थापनमा ई-बिडिङ्गको प्रयोग,
- बैंकिङ्ग भुक्तानी प्रणालीको प्रयोग,
- निरन्तर अनुगमन तथा सुपरिवेक्षण, हरेक योजनामा अनुगमन रिपोर्ट तयार गरेर मात्र भुक्तानी गर्ने गरिएको छ,
- कतिपय योजनाहरु प्राविधिक सँगसँगै नापजाच गर्ने कार्य पनि गरिएको छ,
- डिजिटल नागरिक वडापत्र जडान,

धन्यवाद!!